# आकाशवाणी समाचार- नेपाली

**मितिः १८ अप्रेल २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- संविधान (एक सय एकतीसौं संशोधन) विधेयक हिजो लोकसभामा पारित हुन सकेन। लोकसभामा उपस्थित कुल ५२८ सदस्यहरूमध्ये २९८ सांसदले विधेयकको पक्षमा मतदान गरे भने २३० ले यसको विपक्षमा मतदान गरे जुन संख्या आवश्यक दुई तिहाइ बहुमतबाट कम थियो।

- गृहमन्त्री अमित शाहले लोकसभाका साथै राज्य तथा केन्द्रशासित प्रदेशहरूको विधानसभाहरूमा महिलाहरूको लागि आरक्षण सुनिश्चित गर्न सरकारले हरसम्भव प्रयास गर्ने कुरा पुष्टि गर्नु भयो।

- आयुष मन्त्री प्रतापराव जाधवले आयुष उपचारको लागि बीमा कभरेज विस्तार गर्न र दाबी भुक्तानी प्रक्रियामा सुधार गर्न 'चिन्तन शिविर २०२६' को अवधिमा महत्वपूर्ण कदम चालिएको बताउनु भएको छ।

- इरानले हर्मुजको जलडमरूम अब व्यावसायिक यातायातका लागि पूर्ण रूपमा खुला भएको बताएको छ।

- भारतलाई ब्रिटेन र फ्रान्सको नेतृत्वमा रहेको समुद्री पहलमा सामेल हुन आमन्त्रित गरिएको छ, जसको उद्देश्य होर्मुजको जलडमरूमबाट पारवहनको सुरक्षा सुनिश्चित गर्नु हो।

## लोकसभा महिला आरक्षण

संविधान (एक सय एकतीसौं संशोधन) विधेयक हिजो लोकसभामा पारित हुन सकेन। यस विधेयकमा लोकसभा र राज्य विधानसभा दुवैमा महिलाका लागि एक तिहाइ सिट आरक्षित गर्ने प्रावधान थियो। लोकसभामा उपस्थित कुल ५२८ सदस्यहरूमध्ये २९८ सांसदले विधेयकको पक्षमा मतदान गरे भने २३० ले यसको विपक्षमा मतदान गरे जुन संख्या आवश्यक दुई तिहाइ बहुमतबाट कम थियो। मतदानको नतिजा घोषणा गर्नु हुँदै लोकसभा अध्यक्ष ओम बिर्लाले भन्नु भयो, विधेयक पारित हुन आवश्यक बहुमत प्राप्त गर्न असफल भएकाले यसलाई अगाडि बढाउन सम्भव छैन।

**बाइट**

संसदीय मामिला मन्त्री किरेन रिजिजुले भन्नु भयो, सीमांकन विधेयक २०२६ र केन्द्र शासित प्रदेश कानून (संशोधन) विधेयकसहित अन्य दुई विधेयकहरू संविधान (एक सय एकतीसौं संशोधन) विधेयकसँग जोडिएका छन्; त्यसैले, तिनीहरूलाई पारित गर्न पेश गरिने छैन। उहाँले विपक्षीमाथि महिलालाई आरक्षण प्रदान गर्ने अवसर खेर फालेको आरोप लगाउनु भयो।

बाइट

यसअघि गृहमन्त्री अमित शाहले लोकसभाका साथै राज्य तथा केन्द्रशासित प्रदेशहरूको विधानसभाहरूमा महिलाहरूको लागि आरक्षण सुनिश्चित गर्न सरकारले हरसम्भव प्रयास गर्ने कुरा पुष्टि गर्नु भयो। उहाँ सदनमा पेश गरिएका विधेयकहरूको सम्बन्धमा लोकसभामा भएको छलफलको जवाफ दिँदै हुनुहुन्थ्यो। सीमांकन सम्बन्धी विपक्षीको आशंकालाई खारेज गर्दै गृहमन्त्रीले संविधानले नै सीमांकनको व्यवस्था गरेको र यो प्रक्रियाले प्रत्येक निर्वाचन क्षेत्रमा मतदाताहरूको लागि निष्पक्ष प्रतिनिधित्व सुनिश्चित गर्ने बताउनु भयो। उहाँले भन्नु भयो, सीमांकनले

अनुसूचित जाति र अनुसूचित जनजातिहरूको लागि आरक्षित सिटहरूको संख्यामा वृद्धि गर्नेछ। उहाँले टिप्पणी गर्नु भयो, विधेयकको विरोध गर्ने सदस्यहरू वास्तवमा यी विशिष्ट समुदायहरूलाई छुट्याइएको सिटहरूको संख्या बढाउनको लागि वकालत गरिरहेका छन्। यसैबीच, छलफलमा भाग लिनु हुँदै लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले भन्नु भयो, 'नारी शक्ति वन्दन अधिनियम' वास्तवमा महिलाहरूको लागि आरक्षण विधेयक होइन र महिला सशक्तिकरणसँग यसको कुनै सम्बन्ध छैन। उहाँले आरोप लगाउनु भयो, संसदमा यी विधेयकहरू पेश गरेर देशको चुनावी परिदृश्य परिवर्तन गर्ने प्रयास भइरहेको छ। केन्द्रीय मन्त्री एच.डी. कुमारस्वामीले महिला आरक्षणलाई कसैको उपकारको रूपमा नभई समाजमा उनीहरूको योगदानको उचित मान्यताको रूपमा हेर्नुपर्ने बताउनु भयो। लोकसभामा 'नारी शक्ति वन्दन अधिनियम' (महिला आरक्षण विधेयक) सम्बन्धी छलफलमा भाग लिँदै श्री कुमारस्वामीले भन्नु भयो, स्वतन्त्रताको लगभग ७५ वर्षपछि सरकारले लोकसभा र राज्य विधानसभाहरूमा महिलाहरूलाई उचित आरक्षण प्रदान गरेर ऐतिहासिक कदम चालेको छ।

विधेयकलाई समर्थन गर्नु हुँदै केन्द्रीय महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा महिलाहरू देशको विकास यात्रामा मात्र सहभागी नभएर देशको भविष्यलाई आकार दिने प्रमुख नीति निर्माताको रूपमा पनि उभिएका छन्। उहाँले आरोप लगाउनु भयो, ३३ प्रतिशत आरक्षणको उत्सुकतापूर्वक अपेक्षा गरिरहेका लाखौं महिलाहरूको आशा विपक्षी सांसदहरूको कार्यका कारण चकनाचुर भइरहेको छ। बहसमा भाग लिनु हुन्दाउ डीएमके सांसद के. कनिमोझीले विधेयकहरूको विरोध गर्दै यसलाई "स्तब्ध पार्ने" बताउनु भयो कि केन्द्रले महिला आरक्षण ऐनलाई मात्र अधिसूचित गरेको छ, जुन मूल रूपमा २०२३ मा पारित भएको थियो। सुश्री कनिमोझीले आरोप लगाउनु भयो, सरकारले यस विशेष सत्रमा यी तीन विधेयकहरू तमिलनाडु र अन्य राज्यहरूमा भइरहेको चुनावलाई बाधा पुऱ्याउने विशेष उद्देश्यले पेश गरेको थियो। कांग्रेस सांसद शशि थरूरले देश हाल यस्तो मोडमा उभिएको बताउनु भयो जहाँ महिला आरक्षणको पक्षमा व्यापक राजनीतिक सहमति देखा परेको छ।

**<u>नितिन नवीन – नारी शक्ति</u>**

भारतीय जनता पार्टीका अध्यक्ष नितिन नवीनले विपक्षी गठबन्धनले नारी शक्ति वन्दन अधिनियमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले संविधानिक संशोधन विधेयक पारित नगरेर देशको "आधा जनसंख्या" विरुद्ध गम्भीर विश्वासघात गरेको बताउनु भयो। सामाजिक सञ्जालमा उहाँले कांग्रेस, द्रमुक, तृणमूल कांग्रेस, समाजवादी पार्टी र सम्पूर्ण भारत गठबन्धनको महिला विरोधी अनुहार फेरि एक पटक उजागर भएको दाबी गर्नु भयो। उहाँले महिला शक्तिको बारेमा यो आक्रोश कम नहुने र आगामी चुनावमा राष्ट्रका आमा र दिदीबहिनीहरूले आफ्नो अधिकार कुल्चन खोज्नेहरूलाई कडा जवाफ दिने बताउनु भयो।

बाइट

**<u>आन्ध्र प्रदेशका मुख्यमन्त्री – महिला आरक्षण विधेयक</u>**

आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडूले संसदमा महिला आरक्षण विधेयकलाई रोकेकोमा कांग्रेस नेतृत्वको विपक्षीको आलोचना गर्नु भयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै उहाँले यो कदमले महिला सशक्तिकरणतर्फको ऐतिहासिक कदमलाई विफल पारेको बताउनु भयो। श्री नायडूले विधेयक पारित हुन नसक्दा लाखौं महिलालाई समान प्रतिनिधित्वबाट वञ्चित गरिएको टिप्पणी गरे र देशले यो कुरा सम्झनेछ।

**<u>प्रतापराव जाधव – चिन्तन शिविर</u>**

आयुष मन्त्री प्रतापराव जाधवले आयुष उपचारको लागि बीमा कभरेज विस्तार गर्न र दाबी भुक्तानी प्रक्रियामा सुधार गर्न 'चिन्तन शिविर २०२६' को अवधिमा महत्वपूर्ण कदम चालिएको बताउनु भएको छ। यो दुई दिने शिविर हिजो नयाँ दिल्लीमा सम्पन्न भयो। श्री जाधवले कार्यक्रममा छ सत्रहरू समावेश गरिएको उल्लेख गर्नुभयो जसको उद्देश्य आयुष क्षेत्रलाई अझ प्रभावकारी, सशक्त र जनकेन्द्रित बनाउन स्पष्ट रणनीतिहरू तयार गर्नु थियो।

आयुष मन्त्रालयले रिपोर्ट गरेको छ कि कार्यक्रमको क्रममा धेरै प्रमुख निर्णयहरू लिइएका छन्, जसमा बीमा कभरेज विस्तार गर्न अखिल भारतीय आयुर्वेद संस्थान र सामान्य बीमा परिषदबीच बीमा कवरेज विस्तार हेतु समझौता ज्ञापनमा हस्ताक्षर, आयुष बीमाको लागि मानक दरहरूको घोषणा र बीमा सहायताको लागि टोल-फ्री हेल्पलाइनको सुरुवात समावेश छ।

**<u>अमेरिका-इरान: हर्मुज</u>**

इरानले हर्मुजको जलडमरूम अब व्यावसायिक यातायातका लागि पूर्ण रूपमा खुला भएको बताएको छ। यो घोषणा इजरायल र लेबनानबीच १० दिने युद्धविरामको बीचमा आएको हो। इरानका उप-विदेशमन्त्री सय्यद अब्बास अराक्चीले पनि हर्मुजको जलडमरूम पूर्ण रूपमा पुन: खोल्ने पुष्टि गर्नु भएको छ।

यद्यपि, जहाजहरूले इरानी समुद्री अधिकारीहरूले तोकेका समन्वित मार्गहरूको पालना गर्नुपर्छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जाल पोस्टमा यो विकासको स्वागत गर्नु भएको छ। उहाँले तेहरानसँग औपचारिक सम्झौता नभएसम्म इरानी बन्दरगाहहरूमा अमेरिकी नौसैनिक नाकाबन्दी प्रभावकारी रहने पुष्टि गर्नु भयो।

यो घोषणापछि, तेलको मूल्य ११ प्रतिशतभन्दा बढीले घट्यो। विगत केही हप्तादेखि, जलडमरूम लगभग पूर्ण रूपमा बन्द थियो। ब्रिटेन र फ्रान्सले पनि आज हर्मुजको जलडमरूममा नेभिगेसनको स्वतन्त्रताको बारेमा छलफल गर्न धेरै देशहरूलाई समावेश गर्ने बैठक आयोजना गरेका थिए।

**<u>गुटेरेस – हर्मुजको जलडमरू</u>**

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सबै व्यावसायिक जहाजहरूका लागि हर्मुजको जलडमरू पूर्ण रूपमा खोल्ने इरानको निर्णयको स्वागत गर्नु भएको छ। उहाँले यसलाई क्षेत्रमा तनाव कम गर्ने दिशामा सकारात्मक कदमको रूपमा वर्णन गर्नु भएको छ। सामाजिक सञ्जालको एक पोस्टमा, गुटेरेसले नेभिगेसनको स्वतन्त्रता सुनिश्चित गर्ने र विश्वव्यापी ऊर्जा र व्यापार प्रवाहको लागि स्थिरता कायम राख्ने महत्त्वमा जोड दिनु बएको छ।

**<u>भारत-ब्रिटेन-फ्रान्स-होर्मुज</u>**

भारतले आधिकारिक रूपमा पुष्टि गरेको छ कि भारतलाई ब्रिटेन र फ्रान्सको नेतृत्वमा रहेको समुद्री पहलमा सामेल हुन आमन्त्रित गरिएको छ, जसको उद्देश्य होर्मुजको जलडमरूमबाट पारवहनको सुरक्षा सुनिश्चित गर्नु हो। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले हिजो नयाँ दिल्लीमा यो जानकारी साझा गर्नुभयो। होर्मुजको जलडमरूम विश्वव्यापी ऊर्जा आपूर्तिको लागि महत्वपूर्ण छ र यो व्यापार मार्ग भारतको लागि पनि अत्यन्त महत्त्वपूर्ण छ।

यसैबीच ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमर र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले फ्रान्सको एलिसी दरबारमा वार्ता गरे। दुवै नेताहरूले होर्मुजको जलडमरूमको अवस्थाबारे छलफल गर्न लगभग ४० देशहरू सम्मिलित शिखर सम्मेलन आयोजना गर्ने तयारी गरिरहेका छन्। जर्मन चान्सलर फ्रेडरिक मेर्ज पनि यस शिखर सम्मेलनमा भाग लिने अपेक्षा गरिएको छ।

**<u>क्रिकेट - आईपीएल</u>**

हिजो राति खेलिएको आईपीएल क्रिकेटमा गुजरात टाइटन्सले कोलकाता नाइट राइडर्सलाई पाँच विकेटले पराजित गर्‍यो।

***************